नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
मानवश्रोत बिकास बिभाग नक्साल, काठमाण्डौ।

६/०७/२०७४ (हस्ताक्षर)
प्रहरी अतिरिक्त महानिरीक्षक

## राष्ट्रियस्तरको बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७४।०६।२६ गते)

प्रहरी प्रधान कार्यालय मानवश्रोत विकास विभागलाई आ.ब.२०७४/२०७५ मा आवश्यक पर्ने निम्न समुहको ठेक्का राष्ट्रियस्तरको खुल्ला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले निम्न लिखित शर्तहरुको अधिनमा रही योग्य बोलपत्रदाताहरुबाट रितपुर्वकको सिलबन्दी बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सूचना नं. १**

**निम्न :-**

| सि. .नं | ठेक्का नं. | प्याकेजको नाम | आईटम संख्या | बोलपत्र सम्बन्धी कागजातको दस्तुर | बोलपत्र जमानत बापतको जम्मा रकम (.रु) | कै. |
|---|---|---|---|---|---|---|
| १. | १।०१-२०७४/०७५ | छपाईसँग सम्बन्धीत सामानहरु | ६४ | ३०००।०० | ८७,०००।- | |
| २. | १।०२-२०७४/०७५ | कार्यालय तथा सरसफाईसँग सम्बन्धीत सामानहरु | १४० | ३०००।०० | १,१९,०००।- | |

१. लिखित निवेदनसाथ मु.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा नम्बर (PAN) दर्ताप्रमाणपत्र, फर्म वा कम्पनी दर्ताप्रमाणपत्र र आ.व.२०७३/०७४ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा म्याद थप गरेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी र आ.व. २०७२/०७३ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गरि यस कार्यालय र महानगरीय प्रहरी कार्यालय, रानीपोखरी काठमाण्डौबाट मिति २०७४।०७।२४ गते सम्म कार्यालय समयभित्र बोलपत्र सम्बन्धी कागजात खरिद गर्न सकिनेछ।

२. बोलपत्र फारम दस्तुर फिर्ता नहुने गरी कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाण्डौको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय, ठमेल काठमाण्डौ स्थित राजश्व खाता नं. १-१-००१ बाट नेपाल सरकारको राजश्व शिर्षक नं. १४२२७ यस कार्यालयको कोड नं.२७-३१४-७१ मा नगदै जम्मा गरेको सक्कलै भौचर वा सम्बन्धित कार्यालयहरुमा नगदै जम्मा गरी बोलपत्र फाराम खरिद गर्न सकिने छ।

३. बोलपत्र साथ कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाण्डौको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय, ठमेल काठमाण्डौ स्थित धरौटी खाता नं.११००२०३ यस कार्यालयको कोड नं.२७-३१४-७१ मा उल्लेखित बोलपत्र जमानत रकम नगदै जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम बराबरको मान्यता प्राप्त "क" वर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन खुलेको सक्कलै बोलपत्र जमानत पेश गर्नु पर्नेछ।

४. बोलपत्र पेश गर्नुपूर्व बोलपत्रदाताहरुको बैठक (pre-bid meeting) मिति २०७४।०७।१५ गते १४:०० बजे प्रहरी प्रधान कार्यालय मानवश्रोत बिकास बिभागमा हुनेछ।

५. बोलपत्र सम्बन्धी कागजात मिति २०७४/०७/२६ गते १२:०० बजे भित्र प्रहरी प्रधान कार्यालय मानवश्रोत बिकास बिभागमा दर्ता गरी सक्नु पर्नेछ।

६. रीतपूर्वक दर्ता भएका बोलपत्र फारामहरु मिति २०७४।०७।२६ गते १४:०० बजे आमन्त्रित प्रतिनीधिहरु, सम्बन्धित बोलपत्रदाताहरु वा निजहरुको वारीस प्रतिनिधिहरु एवं बोलपत्र मूल्याङकन समितिको रोहबरमा यस कार्यालयमा खोलिने छ। बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन।

७. बोलपत्र सम्बन्धी कागजात खोल्ने दिन सार्वजनिक विदा परेमा सो सम्वन्धी कार्य कार्यालय खुलेको पहिलो दिनको सोही समयमा गरिनेछ।

८. बोलपत्रहरु स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई रहनेछ।

९. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नुपरेमा यस कार्यालयको फोन नं: ०१-४४१४१९० मा कार्यालय समयमा सम्पर्क राखी बुझ्न सकिनेछ। यो सूचना नेपाल प्रहरीको वेभ साईट www.nepalpolice.gov.np एवं सार्वजनिक खरिद अनुगमन कार्यालयको Website: www.ppmo.gov.np मा समेत हेर्न सकिने छ।